# सिस्ने गाउँपालिकाको व्यवसाय दर्ता कार्यविधि, २०७५

**कार्यपालिकाबाट स्वीकृत मितिः – २०७५।०७।१७**

### प्रस्तावना

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको सञ्चालन हुने व्यवसायहरुको दर्ता, नवीकरण र बन्द गरी नियमन आवश्यक देखिएकोले सिस्ने गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम सिस्ने गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम "सिस्ने गाउँपालिका व्यवसाय दर्ता कार्यविधि, २०७५" रहनेछ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

### २. परिभाषा`

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "व्यवसाय" भन्नाले सिस्ने गाउँपालिकाभित्र संचालन हुने वस्तु तथा सेवा प्रदान गरी नगद आय आर्जन गर्न सक्ने सबै किसिमका पेसा वा कारोबारलाई सम्झनु पर्दछ ।

ख) "दर्ता" भन्नाले गाउँपालिका क्षेत्रभित्र संचालन भएका व्यवसायलाई गाउँपालिकाले अभिलेखिकरण गरी पेसा संचालन अनुमति दिने कार्यलाई बुझ्नु पर्दछ ।

ग) "नवीकरण" भन्नाले व्यवसाय दर्ता गरिसकेपछि हरेक आर्थिक वर्षको सुरुमा गाउँपालिकाले निश्चित शुल्क लिइ अनुमति पुन १ वर्षको लागि दिइने अनुमतिलाई बुझ्नु पर्दछ ।

घ) "आर्थिक ऐन" भन्नाले चालु आर्थिक वर्षको लागि सिस्ने गाउँपालिकाको गाउँसभाले पारित गरेको आर्थिक ऐनलाई बुझ्नु पर्दछ ।

ङ) "गाउँपालिका" भन्नाले सिस्ने गाउँपालिकालाई सम्झनु पर्दछ ।

### ३. दर्ता नगरी व्यवसाय गर्न नहुने

गाउँपालिका क्षेत्रभित्र कुनैपनि व्यवसाय दर्ता नगरी संचालन गर्न पाइने छैन ।

### ४. व्यवसाय दर्ता

क) व्यवसाय दर्ताको लागि हरेक वडाले आफ्नो वडा भित्र रहेका व्यसायीहरुलाई वडा कार्यालयबाट नै व्यवसायको वर्गीकरण गरी दर्ता गर्नेछ र अनुसुचि १ बमोजिमको प्रमाणपत्र प्रदान गर्नेछ ।

ख) व्यवसाय वर्गीकरण गाउँपालिकाको आर्थिक ऐनले तोकेबमोजिमको हुनेछ ।

ग) व्यवसाय दर्ताको लागि तपशिल बमोजिमको कागजपत्र आवश्यक पर्नेछ ।

१. अनुसूची २ बमोजिमको निवेदन ।

२. व्यवसायीको नेपाली नागरिकताको प्रतिलिपि बिदेशीको हकमा पासपोर्ट र नेपाल सरकारले व्यवसाय संचालन गर्न प्रदान गरेको अनुमति पत्रको प्रतिलिपि ।

३. २ प्रति पासपोर्ड साइजको फोटो ।

४. मु.अ.कर, प्यान वा अन्य निकायमा दर्ता भएमा सोको प्रमाणपत्रको प्रतिलिपि ।

५. घर वा जग्गा भाडामा लिई संचालन गरेको व्यवसायको हकमा सम्झौतापत्र तथा जग्गाको लालपूर्जाको छाँयाप्रति ।

घ) सामुहिक व्यवसायको हकमा समुहको सबै सदस्यको नागरिकताको प्रतिलिपि र संयुक्त निवेदन ।

ङ) व्यवसाय दर्ता शुल्क आर्थिक ऐनमा उल्लेख भएबमोजिम हुनेछ ।

## ५. व्यवसाय नविकरण तथा दण्ड जरिवाना

क) गाउँपालिकाले हरेक आर्थिक वर्षमा दर्ता भएका व्यवसायलाई नविकरण गर्नेछ ।

ख) नविकरण गर्दा अनुसूचि ३ बमोजिमको ढाँचामा व्यवसायीले निवेदन वडा कार्यालयमा दिनुपर्नेछ र व्यवसाय नविकरण आर्थिक वर्षको पहिलो ३ महिनासम्म सम्बन्धित वडा कार्यालयबाट नै हुनेछ ।

ग) व्यवसाय नविकरण शुल्क आर्थिक ऐनमा तोकीएबमोजिम हुनेछ ।

घ) तोकिएको समय भित्र व्यवसाय नविकरण नगर्ने व्यवसायीलाई आर्थिक ऐनमा तोकिए बमोजिम दण्ड जरिवाना लिइ नविकरण गरिनेछ ।

## ६. व्यवसाय बन्द गर्ने

क) गाउँपालिकाभित्र दर्ता भएको व्यवसाय बन्द भएमा वा बन्द गर्नु परेमा सम्बन्धित व्यवसायीले अनुसूचि ४ बमोजिम निवेदन सम्बन्धित वडा कार्यालयमा दिनुपर्नेछ ।

ख) निवेदन प्राप्त भएपछि तपशिलको अनुगमन समितिले अनुगमन गरी सिफारिश गर्नेछ ।

| | |
|---|---|
| अ) सम्बन्धित वडाध्यक्ष | - संयोजक |
| आ) सम्बन्धित वडाले तोकेको २ जना वडा सदस्य | - सदस्य |
| इ ) सम्बन्धित वडाका वडा सचिव | - सदस्य सचिव |

ग) समितिबाट सिफारिस प्राप्त भएपछि सम्बन्धित वडाले सिफारिश बमोजिमको व्यवसाय दर्ता खारेज गर्नेछ ।

## ७. सम्बन्धित निकायमा समेत दर्ता हुनुपर्ने

क) यस कार्यविधि बमोजिम गाउँपालिका भित्र दर्ता भएका व्यवसायीहरु नेपाल सरकारले तोकेको अन्य नियममा समेत दर्ता हुनुपर्नेछ ।

ख) यस कार्यविधि बमोजिम गाउँपालिकामा दर्ता भएका व्यवसाय संघिय कानुन अनुसारको दर्ता गर्न कुनै किसिमको छुट हुनेछैन ।

दफा ४ (क) सँग सम्बन्धीत

अनूसूची १

# सिस्ने गाउँपालिका

## ......... नं. वडा कार्यालय

रुकूमकोट, रुकुम (पूर्व)
५ नं प्रदेश, नेपाल

दर्ता नं. 　　　　　　　　　　　　　　　　　　मिति :............................

निवेदकको दुवै कान देखिने पासपोर्ट साईजको फोटो

व्यवसाय / फर्मको नाम :......................................................................

व्यवसायको नाम :......................................................................

घरधनीको नाम :......................................................................

व्यवसाय रहेको स्थान :......................................................................

व्यवसाय रहेको बाटोको नाम :......................................................................

व्यवसाय रहेको घर नं. :......................................................................

व्यवसायको ईमेल :............................................................... अन्य निकायमा दर्ता भएको छ भने

फोन नं. :.............................................................................. निकाय.........................................

पाना नं. :......................................................... दर्ता नं. :...........................................................

मिति :...............................

| क्र. सं. | व्यवसायको प्रकार | व्यवसायको प्रकृति | वडा नं. | दर्ता नं. | टोलको नाम | बाटोको नाम | घर नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**नोट:-** यो प्रमाणपत्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सिस्ने गाउँपालिका व्यवसाय दर्ता कार्यविधि, २०७५ बमोजिम संघीय, प्रादेशिक र स्थानीय तहबाट जारी गरेको आदेश निर्देशन र सूचनाको पालना गर्न जारी गरिएको छ ।

............. 　　　　　　　　　　　　　　　　　　...................

व्यवसायीको दस्तखत 　　　　　　　　　　　　　　　　　　वडा अध्यक्षको दस्तखत

# प्रमाण-पत्र नविकरण गरिएको विवरण

| नविकरण मिति | असुली आ.व. | रसिद नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**दफा ५ (क) सँग सम्बन्धीत**

## अनूसूची २

श्री.................................

............................................।

**विषय : व्यवसाय दर्ता गरि पाउँ ।**

उपरोक्त सम्बन्धमा सिक्ले गाउँपालिका वडा नं......को.........................................स्थित रहेको..........................घर/जग्गामा...................................................................व्यवसाय सञ्चालन गरिरहेको / गर्न इच्छुक रहेको हुँदा तपसिल व्यहोराको व्यवसाय दर्ता गरी पाउँ भनी यो निवेदन पेश गरेको छु ।

**व्यवसायको विस्तृत विवरण**

| क्र.स. | व्यवसाय धनीको नाम | प्रकार | प्रकृति | नाम | रहेको स्थान | घर नं. | अनुमानित लागत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

निवेदकको नाम ......................................

निवेदकको दस्तखत .................................

मिति :.......................................

**दफा ५ (ख) सँग सम्बन्धीत**

**अनूसूची ३**

श्री …………

………………………………।

**विषय : व्यवसाय नविकरण गरि पाउँ ।**

प्रस्तुत विषयम…………………कार्यालयमा मिति………………………… दर्ता नं……………………मा दर्ता भएको व्यवसाय आ.व……………………का लागी नविकरण गरिपाउँ भनी आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु ।

**<u>व्यवसाय धनीको</u>**

नामथर

ठेगाना

हस्ताक्षर

मिति

**दफा ६ (क) सँग सम्बन्धीत**

**अनूसूची ४**

श्री ....................................

...........................................।

विषय : व्यवसाय बन्द गरि पाउँ ।

प्रस्तुत विषयमा..........................................कार्यालयमा मिति.........दर्ता नं............... मा दर्ता भएको..........................व्यवसाय बन्द गर्नुपर्ने भएकोले उक्त व्यवसाय बन्द गरी पाउँ भनी यो निवेदन पेश गरेको छु ।

<u>व्यवसाय धनीको</u>

नामथर

ठेगाना

हस्ताक्षर

मिति